apandainik.com
सिरहाको पहिलो 'क' वर्गको दैनिक पत्रिका

अपन दैनिक

Apan Dainik National Newspaper

राष्ट्रिय दैनिक समाचारपत्र

जि.प्र.का द.नं. ९०/०७१/०७२
जि.हु.का. द.नं. ७३/०८०/०८१



समाचार २ पृष्ठ

● वर्ष: १२ ● अंक: ३१५ ● पृष्ठ: ४ ● १३ मंसिर २०८३ आइतबार (29 November 2026. Sunday) मधेश प्रदेश, सिरहा संस्करण ApanDainik मुल्य: रु.५/

भूमिहीन र सुकुमवासीको समस्या समाधानमा सक्रिय हुन मन्त्री रावलको निर्देशन



शुभ नारायण कामती
सिरहा, मंसिर १२ गते

भूमि समस्या समाधानका लागि सिरहा जिल्लामा देखिएका चुनौती र समस्याबारे जानकारी लिन आएकी भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारणमन्त्री प्रतिभा रावलले सम्बन्धित निकायका अधिकारीहरूलाई आवश्यक निर्देशन दिएकी छन्।

जिल्ला प्रशासन कार्यालय सिरहामा विभिन्न स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृत, भूमि प्रशासन कार्यालय तथा नापी कार्यालयका प्रमुखहरूसँग छलफल गर्दै मन्त्री रावलले भूमिहीन दलित, भूमिहीन सुकुमवासी तथा अव्यवस्थित बसोबासीका समस्याबारे जानकारी लिएकी थिइन्।

निवेदन दर्ता तथा अनलाइन प्रणालीमा विवरण प्रविष्ट गर्ने काममा ढिलाइ भइरहेको भन्दै मन्त्री रावलले स्थानीय तहमा देखिएका असहजता र समस्याबारे मन्त्रालयलाई जानकारी गराउन प्रमुख प्रशासकीय अधिकृतहरूलाई निर्देशन दिइन्।

हालसम्म भएको काम सन्तोषजनक नरहेको उल्लेख गर्दै उनले नीतिगत तथा कानुनी जटिलताबारे स्पष्ट भएर काम गर्न आग्रह गरिन्। अन्य जिल्लाको तुलनामा सिरहामा भूमिसम्बन्धी समस्या समाधानका लागि भइरहेको प्रगति सन्तोषजनक नरहेको उनको भनाइ थियो।

भूमिहीन दलितहरूको समस्याबारे समेत प्रमुख प्रशासकीय अधिकृतहरूले स्पष्ट जानकारी दिन नसकेको भन्दै मन्त्री रावलले भूमिहीन सुकुमवासीलाई जग्गा उपलब्ध गराउने विषय सरकारको प्राथमिकतामा रहेको बताइन्।

'हामीले लक्ष्य निर्धारण गरेर काम अघि बढाएका छौं। विभिन्न कानुनी जटिलतालाई पनि सहज बनाएका छौं। यो समस्या समाधानका लागि सबैले गम्भीरतापूर्वक काम गर्नुपर्छ,' मन्त्री रावलले भनिन्।

स्थानीय तहमा अन्य समस्या भए समाधानका लागि आफूले पालिका प्रमुखहरूसँग समेत समन्वय गर्ने बताउँदै उनले एक महिनाभित्र भूमि प्रशासन सेवा स्थानीय तहबाटै प्रवाह गर्ने गरी सरकार अघि बढेको जानकारी दिइन्।

कर्मचारी व्यवस्थापनलगायतका समस्यालाई मन्त्रालयले आवश्यक सहजीकरण गरी समाधान गर्ने प्रतिबद्धता व्यक्त गर्दै उनले कुनै

बाँकी पृष्ठ ३ ▸▸

विवाह पञ्चमीको निम्तो बोकेर जनकपुरधामबाट अयोध्या प्रस्थान



अपन दैनिक संवाददाता
जनकपुरधाम, मंसिर १२ गते

जनकपुरधाममा मनाइने विवाह पञ्चमी महोत्सवको निम्तो दिन आज एक टोली भगवान् श्रीरामको जन्मभूमि अयोध्या प्रस्थान गरेको छ।

जानकी मन्दिर, जनकपुरधाम उपमहानगरपालिका, विश्व हिन्दू परिषद् तथा नागरिक समाजका प्रतिनिधि सम्मिलित टोली अयोध्या-जनकपुरधाम सञ्चालन भएको सरयू-कमला एक्सप्रेस रेलमार्फत अयोध्या गएको हो।

दशकौंदेखि भगवान रामसीताको विवाहको दिनलाई जिवन्त पार्दै जनकपुरमा सीताराम विवाह पञ्चमी महोत्सव मनाउँदै आएको हो।

जनकपुरधामका नगरप्रमुख मनोजकुमार साहले विवाहपञ्चमी महोत्सवले जनकपुरधाम र अयोध्याबीचको धार्मिक तथा सांस्कृतिक सम्बन्धलाई थप मजबुत बनाउने बताए। उनले राम-सीताको वैवाहिक सम्बन्धसँग जोडिएका यी दुई पवित्रस्थलबीचको ऐतिहासिक

बाँकी पृष्ठ २ ▸▸

नेविसंघका पूर्व सहमहामन्त्री साहद्वारा लहानको मेयरमा उम्मेदवारी घोषणा



अपन दैनिक संवाददाता
सिरहा, मंसिर १२ गते

सिरहा नेपाली कांग्रेसको भ्रातृ सङ्गठन नेपाल विद्यार्थी संघ (नेविसंघ)का पूर्व सहमहामन्त्री परमेश्वर साहले लहान नगरपालिकाको मेयर पदमा उम्मेदवारी घोषणा गरेका छन्। शनिबार नेपाल प्रेस युनियन सिरहा शाखाको आयोजनामा आयोजित पत्रकार सम्मेलनमार्फत साहले आगामी स्थानीय तह निर्वाचनमा मेयर पदमा उम्मेदवारी दिने घोषणा गरेका हुन्।


नेविसंघ हुँदै नेपाली कांग्रेसको राजनीतिमा करिब ३० वर्षदेखि सक्रिय साह नेविसंघ सिरहाका पूर्व जिल्ला सभापतिसमेत हुन्। उनी कांग्रेसको १५औं महाधिवेशनमा केन्द्रीय सदस्य पदका उम्मेदवारसमेत बनेका थिए।

पत्रकार सम्मेलनमा साहले पार्टीभित्र विभिन्न नेताहरूले आ-आफ्नो दावी प्रस्तुत गर्न पाउनु विधानसम्मत अधिकार भएको बताए। तर, पार्टीले अन्तिम निर्णय गरेर जसलाई टिकट दिए पनि सबै नेता तथा कार्यकर्ता एकजुट भएर जिताउन लाग्नुपर्ने उनको भनाइ थियो।

लहान नगरपालिकामा नेपाली कांग्रेसको नेतृत्वमा पहिलो पटक मेयर निर्वाचित भएपछि विकास निर्माणका धेरै काम भएको उल्लेख गर्दै साहले आगामी दिनमा पनि नगरको नेतृत्व कांग्रेसकै हुनुपर्ने धारणा राखे। कांग्रेसको नेतृत्वमा लहानको विकासले थप गति लिने उनको दावी छ।

उम्मेदवारी घोषणा गर्दै साहले पार्टीभित्रको एकता र सहकार्यलाई प्राथमिकता दिनुपर्नेमा समेत जोड दिएका छन्।

१५ वर्षपछि सञ्चालनमा आउँदै कमला पुल, पुस पहिलो सातादेखि यातायात खुलाउने तयारी



अपन दैनिक संवाददाता
सिरहा, मंसिर १२ गते

पूर्व-पश्चिम हुलाकी राजमार्गअन्तर्गत सिरहा र धनुषा जिल्ला जोड्ने कमला नदीको निर्माणाधीन पुल १५ वर्षपछि सञ्चालनमा आउने भएको छ। आगामी पुस पहिलो सातादेखि हलुका सवारीसाधन, मोटरसाइकल र पैदलयात्रीका लागि पुल खुला गर्ने तयारी भइरहेको छ।

हुलाकी सडक निर्देशनालय जनकपुरधामका प्रमुख इन्जिनियर कृष्ण कुमार महतोका अनुसार पुल सञ्चालनमा ल्याउन आवश्यक निर्माण तथा मर्मतसम्बन्धी काम अन्तिम चरणमा पुगेको छ।

मंसिर पहिलो साताभित्रै पुल सञ्चालनमा ल्याउने लक्ष्य राखिए पनि एप्रोच सडक निर्माण, पुलमाथि वियरिङ कोर्स बिछ्याउने, रेलिङ जडान तथा रङरोगनको काम बाँकी रहेपछि सञ्चालन मिति पुस पहिलो साताका लागि सारिएको हो।

कमला पुल निर्माणको ठेक्का २०६८ सालमा पप्पु-लुम्बिनी जेभीले पाएको थियो। २०७८ असारमा पुल उद्घाटन गर्ने तयारी गरिएको भए पनि बाढीका कारण पुलको पिलर भाँचिएपछि संरचना जीर्ण बनेको थियो। बाढीबाट क्षति पुगेपछि सोही निर्माण कम्पनीले पुलको पुनःनिर्माण गरिरहेको छ।

पुल पुनःनिर्माणमा भएको लामो ढिलाइका कारण सिरहा र धनुषाका स्थानीयवासीले वर्षौंदेखि नदी वारपार गर्न डुङ्गाको सहारा लिनुपरेको छ। पुल सञ्चालनमा आएपछि दुवै जिल्लाका नागरिकलाई आवागमन सहज हुनुका साथै व्यापार, व्यवसाय र यातायातमा समेत राहत पुग्ने अपेक्षा गरिएको छ।

बाँकी पृष्ठ ४ ▸▸

देवकी कलेजद्वारा बीबीए २०२२ ब्याचलाई बिदाइ तथा नवप्रवेशी विद्यार्थीलाई स्वागत



अपन दैनिक संवाददाता
सिरहा, मंसिर १२ गते

सिरहाको मिर्चैया नगरपालिका-६ स्थित देवकी कलेजले बीबीए २०२२ ब्याचका विद्यार्थीलाई बिदाइ तथा नवप्रवेशी विद्यार्थीलाई स्वागत कार्यक्रम सम्पन्न गरेको छ। कलेजको व्यवस्थापन तथा विज्ञान सङ्कायको आयोजनामा कार्यक्रम गरिएको हो।


कार्यक्रममा लहानस्थित एभरेस्ट कलेजका प्रमुख धरणीधर अधिकारी प्रमुख अतिथि तथा अक्षर पाठशालाका प्रमुख चन्दीप महतो विशिष्ट अतिथिका रूपमा सहभागी थिए।

त्यसैगरी, कार्यक्रममा देवकी कलेजका प्रमुख रामएकवाल नायक, शत्रुधन महतो, कमल साह, ममता नायक र पूजा चौधरीलगायत शिक्षक तथा अतिथिहरूको उपस्थिति थियो।

कार्यक्रममा विद्यार्थीहरूको शैक्षिक यात्रा, उपलब्धि र अनुभवबारे चर्चा गर्दै बिदाइ हुने विद्यार्थीहरूको उज्ज्वल भविष्यको कामना गरिएको थियो। साथै, नवप्रवेशी विद्यार्थीहरूलाई कलेजमा स्वागत गर्दै उनीहरूको शैक्षिक सफलता र आगामी यात्राका लागि शुभकामना व्यक्त गरिएको थियो।

कार्यक्रमले अध्ययन पूरा गरेका विद्यार्थीलाई सम्मानपूर्वक बिदाइ गर्नुका साथै नयाँ विद्यार्थीलाई कलेजको शैक्षिक वातावरणमा आत्मीयताका साथ स्वागत गर्ने अवसर प्रदान गरेको कलेजले जनाएको छ।

MPL-S3 T-20 क्रिकेटमा भंभारपुरको विजयी सुरुवात, औरही ६४ रनले पराजित



अपन दैनिक संवाददाता
सिरहा, मंसिर १२ गते

सिरहाको मखनाहास्थित शंकर रंगशालामा सुरु भएको MPL-S3 T-20 क्रिकेट प्रतियोगिताको उद्घाटन खेलमा भारतको भंभारपुर क्रिकेट टोलीले विजयी सुरुवात गरेको छ। भंभारपुरले सिरहाको औरही टोलीलाई ६४ रनले पराजित गरेको हो।

टस हारेर पहिले ब्याटिङ गरेको भंभारपुरले ७ विकेटको क्षतिमा १६२ रनको योगफल खडा गरेको थियो। जवाफी ब्याटिङमा उत्रिएको औरही टोली १०८ रनमै अलआउट भएपछि भंभारपुरले ६४ रनको जित हासिल गऱ्यो।

खेलमा उत्कृष्ट प्रदर्शन गरेका भंभारपुरका आशिष प्लेयर अफ द म्याच घोषित भए। उनले ४०

बाँकी पृष्ठ ३ ▸▸



प्रकाशक/सम्पादक : शुभ नारायण कामती
: ९८५४०२१७३९
: ९८०१३२१७३९
डेस्क ब्यूरो : रुन्केश कामती
विज्ञापनका लागि सम्पर्क : ९८५२८२१२१४ (रुन्केश)
कानुनी सल्लाहकार : विरेन्द्र कुमार सिंह (अधिवक्ता)
कार्यालय : सिरहा नगरपालिका ७, सिरहा
सम्पर्क : ०३३-५२१२१४
ईमेल : news@apandainik.com
ads@apandainik.com
apandainik@gmail.com
apan.dainik14@gmail.com(Add.)
फेसबुक पेज : www.facebook/ApanDainik
वेबसाइड : www.apandainik.com
मुद्रक : अम्बिका अफसेट प्रेस लहान
प्रकाशित सामग्रीबारे कुनै गुनासो, सूचना तथा सुझाव भए हामीलाई जनकारी गराउनुहोला वा ईमेलमा पठाउनु होला ।

सम्पादकीय...

भूमिहीनको समस्या समाधानमा विशेष पहल

भूमिको विषय व्यक्तिको जीवनयापनको आधारसँगै उसको पहिचान, आत्मसम्मान, सामाजिक सुरक्षा र आर्थिक समृद्धिसँग जोडिएको विषय हो। तर दशकौंदेखि मधेश प्रदेशका हजारौं नागरिक भूमिहीनता, अव्यवस्थित बसोबास तथा जग्गाको स्वामित्वसम्बन्धी समस्याबाट पीडित बन्दै आएका छन्। पुस्तौंदेखि बसोबास गर्दै आएपनि आफ्नो नाममा जग्गाको स्वामित्व नपाउँदा उनीहरू अनेकौं सरकारी सेवा, आर्थिक अवसर र सामाजिक सुरक्षाबाट समेत वञ्चित हुनुपरेको छ। यस्तो गम्भीर समस्याको समाधानका लागि भूमि व्यवस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासनमन्त्री प्रतिभा रावलले मधेश प्रदेशका धनुषा, सिरहा र सप्तरी जिल्लाको स्थलगत भ्रमण गरेको छ। मन्त्री रावलको यस पटकको भ्रमण औपचारिकता पूरा गर्ने वा राजनीतिक कार्यक्रमहरूमा सहभागी हुने उद्देश्यमा सीमित रहेन्। भूमिहीन सुकुम्वासी, अव्यवस्थित बसोबासमा रहेका नागरिक, सरकारी कार्यालयका प्रतिनिधि तथा स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृतहरूसँग प्रत्यक्ष संवाद गरी समस्याको वास्तविक अवस्था बुझ्ने प्रयास सराहनीय छ। विशेषगरी शुक्रबार र शनिबार गरी दुई दिनमा तीन जिल्लामा गरिएको छलफलले वर्षौंदेखि थाती रहेका भूमि समस्यालाई समाधान गर्ने विषयमा सरकारको चासो बढेको संकेत गरेको छ। तर समस्या बुझ्नु र समाधान गर्नु फरक विषय हुन्। अब सरकारको सक्रियता प्रतिबद्धता र छलफलमा मात्र सीमित नभई परिणाममा देखिनुपर्छ।

मधेश प्रदेशमा भूमिसम्बन्धी समस्या निकै पुरानो र जटिल छ। सुकुम्वासी, भूमिहीन, अव्यवस्थित बसोबासी, गाउँब्लक, बालबिटोरीलगायत जग्गा सम्बन्धी समस्याबाट ठूलो संख्यामा नागरिक प्रभावित छन्। कतिपय परिवार पुस्तौंदेखि बसोबास गर्दै आएका छन्, तर उनीहरूसँग आफू बसिरहेको जग्गाको वैधानिक स्वामित्व छैन्। जग्गाधनी प्रमाणपुर्जा नहुँदा बैंक तथा वित्तीय संस्थाबाट ऋण लिन, घर निर्माण तथा अन्य आर्थिक गतिविधि सञ्चालन गर्न र राज्यले उपलब्ध गराउने कतिपय सुविधाको उपयोग गर्नसमेत कठिनाइ भइरहेको छ। यसले नागरिकको आर्थिक, सामाजिक तथा शैक्षिक विकासमा समेत प्रत्यक्ष असर पारेको छ। भूमि समस्यालाई जग्गाको स्वामित्व हस्तान्तरणको विषयका रूपमा मात्र हेर्नु हुँदैन्। यो नागरिकको मौलिक अधिकार, सामाजिक न्याय र राज्यप्रतिको विश्वाससँग जोडिएको सवाल हो। आफ्नो घरजग्गाको कानुनी हैसियत स्पष्ट नहुँदा नागरिक सधैं अनिश्चितताको अवस्थामा बाँच्न बाध्य हुन्छन्। अर्कोतर्फ, भूमि प्रशासनका जटिल प्रक्रिया, कार्यालय धाउनुपर्ने बाध्यता, कर्मचारीतन्त्रको ढिलासुस्ती र विभिन्न तहका सरकारी निकायबीचको समन्वय अभावले समस्या थप पेचिलो बनाएको छ। त्यसैले भूमिसम्बन्धी समस्या समाधान गर्दा कानुनी प्रक्रिया सरल बनाउने, अभिलेख व्यवस्थित गर्ने र वास्तविक भूमिहीनको पहिचान निष्पक्ष रूपमा गर्ने कार्यलाई प्राथमिकता दिनुपर्छ। संघीयताको मर्मअनुसार स्थानीय तहबाटै भूमि प्रशासनसम्बन्धी सेवा उपलब्ध गराउनु पर्छ। जसले नागरिकको समय, श्रम र खर्च बचत हुनेछ। तर पालिकामा सेवा केन्द्रित गर्ने निर्णय कार्यान्वयनका लागि आवश्यक जनशक्ति, प्राविधिक क्षमता, अभिलेख व्यवस्थापन र अधिकार प्रत्यायोजन पनि उत्तिकै आवश्यक छ। मन्त्रालयले यसका निम्ति नियमित अनुगमन र मूल्यांकन गरी भूमी प्रशासन पालिकामा केन्द्रित गर्नुपर्छ ।

भूमि समस्या समाधानका क्रममा वास्तविक भूमिहीन र सुकुम्वासीलाई प्राथमिकता दिनुका साथै सार्वजनिक, सरकारी तथा सामुदायिक जग्गाको संरक्षणमा पनि उत्तिकै संवेदनशील विषय हो। राजनीतिक पहुँच, आर्थिक प्रभाव वा व्यक्तिगत स्वार्थका आधारमा जग्गा वितरण हुने प्रवृत्तिलाई निरुत्साहित गर्दै तथ्य, प्रमाण र कानुनका आधारमा निर्णय गरिनुपर्छ। वर्षौंदेखि अन्यायमा परेका वास्तविक नागरिकले न्याय पाउनुपर्छ भने सार्वजनिक सम्पत्तिको अतिक्रमणलाई वैधानिकता दिने काम हुनु हुँदैन्। यसका लागि स्थानीय तह, नापी कार्यालय, मालपोत कार्यालय र सम्बन्धित सरकारी निकायबीच प्रभावकारी समन्वय अपरिहार्य छ। भूमिहीन नागरिकलाई जग्गाको स्वामित्व दिलाउनु, अव्यवस्थित बसोबासको समस्या कानुनी रूपमा समाधान गर्नु र भूमि प्रशासनलाई सहज, पारदर्शी तथा सेवाग्राहीमैत्री बनाउनु सुशासनका महत्वपूर्ण आधार हुन्। दशकौंदेखि समाधानको प्रतीक्षामा रहेका गाउँब्लक, बालबिटोरी र अन्य भूमिसम्बन्धी समस्यालाई समाधान गर्नुपर्छ। तीन जिल्लाको भ्रमणले समस्या समाधानको दिशामा एउटा सकारात्मक सुरुवात बुझ्न सकिन्छ। अब यस भ्रमणबाट प्राप्त सुझाव र तथ्यलाई कार्ययोजनामा रूपान्तरण गरी निश्चित समय, जिम्मेवारी र उपलब्धिको मापदण्ड निर्धारण गर्नुपर्छ। संघीय सरकार, प्रदेश सरकार र स्थानीय तहबीच सहकार्य गर्दै वास्तविक भूमिहीन नागरिकलाई जग्गाको कानुनी स्वामित्व दिलाउने कामलाई अभियानकै रूपमा अघि बढाउनुपर्छ। जसले वर्षौंदेखि जग्गाविहीनताको पीडा भोगिरहेका नागरिकले आफ्नै नामको जग्गाधनी प्रमाणपुर्जा पाउने दिन नै सरकारको सुशासनप्रतिको प्रतिबद्धता प्रमाणितको आधारका रुपमा हेर्न सक्नेछन्। मधेशको दीर्घकालीन भूमि समस्या समाधान गर्ने अभियानको प्रस्थानबिन्दु बन्नुर्छ। जसले गर्दा सरकारले भूईंतहको नागरिकको पक्षमा काम गरेको र नागरिकले पनि आफ्नो सरकार भएको महसुस गर्न सक्नेछन्।

मधेश प्रदेशमा सत्ता समीकरणको नयाँ कसरत, कांग्रेस र जसपाभित्रै असन्तुष्टि

अपन दैनिक संवाददाता
जनकपुरधाम, मंसिर १२ गते



मधेश प्रदेशमा मुख्यमन्त्री सरोजकुमार यादवले विश्वासको मत लिनुअघि नै नयाँ सत्ता समीकरणको कसरत सुरु भएको छ। जनता समाजवादी पार्टी (जसपा) नेपाल नेतृत्वको वर्तमान सरकारलाई विस्थापित गरी नेपाली कांग्रेस, नेकपा एमाले र नेपाली कम्युनिस्ट पार्टी (नेकपा) सम्मिलित पुरानै गठबन्धन ब्युँताउने प्रयास भइरहेको छ।

मुख्यमन्त्री यादवले सर्वदलीय सरकार गठन गर्ने दावी गरिरहेका बेला कांग्रेस र जसपा नेपाल दुवै पार्टीभित्र असन्तुष्टि देखिएको छ। कांग्रेसमा सरकारको नेतृत्व र सहभागितालाई लिएर मतभेद छ भने जसपा नेपालमा मुख्यमन्त्री चयन प्रक्रियालाई लिएर असन्तुष्टि प्रकट हुन थालेको छ। यसले एक साताअघि मात्रै मुख्यमन्त्री नियुक्त भएका यादवका लागि सरकार विस्तार र विश्वासको मत प्राप्त गर्ने चुनौती थपिएको छ।

स्रोतका अनुसार कांग्रेस, एमाले र नेकपाबीच पुनः सत्ता सहकार्य गर्ने विषयमा छलफल भइरहेको छ। सम्भावित सहमति अनुसार एमाले र नेकपाले तीन-तीन महिना तथा कांग्रेसले पाँच महिना सरकारको नेतृत्व गर्ने गरी प्याकेजमा सहमति जुटाउने प्रयास भइरहेको छ। यद्यपि यसबारे सम्बन्धित दलहरूले औपचारिक रूपमा कुनै निर्णय सार्वजनिक गरेका छैनन्।

यसअघि एमाले र नेकपाको समर्थन फिर्तापछि अल्पमतमा परेका निवर्तमान मुख्यमन्त्री कृष्णप्रसाद यादवले ४ मंसिरमा राजीनामा दिएका थिए। त्यसपछि कांग्रेस, एमाले र नेकपाबीच पुनः सरकार गठनका लागि सहकार्य गर्ने प्रयास भएको थियो। तर प्रदेश प्रमुखले दिएको समयसीमाभित्र तीन दलले मुख्यमन्त्रीमा दाबी पेस गर्न नसकेपछि संविधानको धारा १६८ को उपधारा ३ अनुसार प्रदेशसभाको सबैभन्दा ठूलो दल जसपा नेपालका संसदीय दलका नेता सरोजकुमार यादव मुख्यमन्त्री नियुक्त भएका थिए।

अहिले निवर्तमान मुख्यमन्त्रीसमेत रहेका कांग्रेस संसदीय दलका नेता कृष्णप्रसाद यादव पुरानै तीनदलीय गठबन्धन ब्युँताउने पक्षमा देखिएका छन्। तर कांग्रेसभित्रै यस विषयमा मतैक्य छैन। पार्टीका केही सांसदहरू जसपा नेपाल नेतृत्वको वर्तमान सरकारलाई समर्थन गरेर निर्वाचनसम्म स्थायी सरकार कायम राख्नुपर्ने पक्षमा छन् भने अर्को समूह आफ्नै नेतृत्वमा सरकार गठन गर्नुपर्ने दाउँमा छ।

कांग्रेसका एक प्रदेश सांसदका अनुसार निवर्तमान मुख्यमन्त्री कृष्णप्रसाद यादव तीन दलबीच आलोपालो सरकार सञ्चालन गर्ने सहमतिको पक्षमा छन्। तर पार्टीका बहुमत सांसदहरू भने त्यसको विपक्षमा छन्। 'तीन महिना कांग्रेस, तीन महिना नेकपा र पाँच महिना एमालेलाई सरकारको नेतृत्व दिने गरी उहाँ सत्ता सहकार्य गर्न चाहनुभएको भनेर हामीले सुनेका छौं,' कांग्रेसका ती सांसदले भने, 'हामी यसको पक्षमा छैनौं। चार वर्षमा ६ वटा मुख्यमन्त्री बनिसके, यो ठीक होइन। जोसुकैको भए पनि चुनावसम्म स्थायी सरकार हुनुपर्छ भन्ने हाम्रो भनाइ छ।'

पटक-पटक सरकार परिवर्तन गर्ने खेलले प्रदेश सरकारप्रति नागरिकको विश्वास कमजोर बनाएको उनले बताए। विगतमा नेताहरूको सत्ता बाँडफाँटको राजनीतिले संघीयताप्रति नै वितृष्णा बढाएको उल्लेख गर्दै उनले फेरि त्यस्तै अभ्यास भए मधेशमा आन्दोलनको अवस्था आउन सक्ने चेतावनी दिए। कांग्रेसभित्रको यही विवादका कारण पार्टीले वर्तमान सरकारलाई समर्थन गर्ने वा आफ्नै नेतृत्वमा सरकार गठनको प्रयास गर्ने भन्ने विषयमा औपचारिक निर्णय गर्न सकेको छैन।

कांग्रेस स्रोतका अनुसार बहुमत सांसदहरू दलका नेता कृष्ण प्रसाद यादवसँग असन्तुष्ट रहेका छन्। उनीहरूले शुक्रबार गोप्य बैठक समेत गरेका थिए। बैठकमा निर्वाचनसम्म सरकार परिवर्तनको खेल बन्द गरेर स्थायी सरकारलाई निरन्तरता दिनुपर्ने विषयमा छलफल भएको बताइन्छ। तर निवर्तमान मुख्यमन्त्री कृष्णप्रसाद यादवले भने संसदीय दलमा सरकार गठनबारे औपचारिक छलफल नभएको बताएका छन्। जसपा नेपाल नेतृत्वको सरकारलाई समर्थन गर्ने वा आफ्नै नेतृत्वमा सरकार गठन गर्ने भन्ने विषयमा दलभित्र छलफल गरेर निर्णय गरिने उनको भनाइ छ।

'हामीसँग अहिलेसम्म औपचारिक वा अनौपचारिक कुनै प्रस्ताव आएको छैन,' उनले भने, 'राजनीतिमा सबै सम्भावना खुला हुन्छन्। संसदीय दलमा छलफल गरेर जे निर्णय हुन्छ, त्यहीअनुसार अगाडि बढ्छौं।'

कांग्रेसभित्रको अर्को विवाद पार्टीको प्रदेश अधिवेशनसँग पनि जोडिएको छ। केही दिनपछि प्रदेश अधिवेशन गर्ने तयारीमा रहेको कांग्रेसमा संसदीय दलका नेता कृष्णप्रसाद यादव पुनः प्रदेश सभापतिमा दोहोरिन चाहेका छन्। मुख्यमन्त्री बनेर प्रदेश सभापतिमा प्रतिस्पर्धा गर्दा आफूलाई सहज हुने उनको राजनीतिक विश्लेषण रहेको कांग्रेस नेताहरू बताउँछन्। त्यसैगरि, कांग्रेसका प्रदेश साँसद तथा प्रदेश उपसभापति विरेन्द्र कुमार सिंह, प्रदेश साँसद तथा पुर्व मन्त्री रामसरोज यादव प्रदेश सभापतिमा उम्मेदवारी दिने मनसायमा रहेका छन्।

जसपा नेपालभित्र पनि मुख्यमन्त्री चयनलाई लिएर असन्तुष्टि

कांग्रेसमा मात्रै होइन, मुख्यमन्त्री चयनलाई लिएर सत्तारुढ जसपा नेपालभित्र पनि असन्तुष्टि देखिएको छ। मुख्यमन्त्री पदका लागि संसदीय दलका नेता सरोजकुमार यादव र लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) पृष्ठभूमिबाट आएका जसपा नेपालका सांसद तथा पूर्वमुख्यमन्त्री जितेन्द्र सोनल आकांक्षी थिए। तर पार्टीले सरोजकुमार यादवलाई मुख्यमन्त्री बनाउने निर्णय गरेपछि सोनल असन्तुष्ट देखिएका छन्।

उनको असन्तुष्टि मुख्यमन्त्रीको शपथग्रहण कार्यक्रममा समेत देखिएको छ। सरोजकुमार यादवले मुख्यमन्त्री पदको शपथ लिँदा पूर्वमुख्यमन्त्री सोनल कार्यक्रममा सहभागी भएनन्। त्यति मात्र होइन, मधेश प्रदेशका पूर्वमुख्यमन्त्रीहरूको अनुपस्थितिले पनि नयाँ सरकार गठनपछि पार्टीभित्रको राजनीतिक सम्बन्ध र असन्तुष्टिको संकेत गरेको छ।

मुख्यमन्त्री यादवको शपथग्रहण कार्यक्रममा पूर्वमुख्यमन्त्री सतिश सिंह, जितेन्द्र सोनल र निवर्तमान मुख्यमन्त्री कृष्णप्रसाद यादव सहभागी भएनन्। एमालेका संसदीय दलका नेता तथा पूर्वमुख्यमन्त्री सरोज यादवको पनि कार्यक्रममा उपस्थिति देखिएन। पूर्वमुख्यमन्त्रीमध्ये जसपा नेपालका सांसद लालबाबु राउत मात्रै शपथग्रहण कार्यक्रममा सहभागी थिए। पार्टीभित्र मुख्यमन्त्री पदका लागि प्रतिस्पर्धा गरेका नेताहरू नै कार्यक्रममा अनुपस्थित हुनुले नेतृत्व चयनपछि जसपा नेपालभित्र असन्तुष्टि रहेको देखाएको छ। यस्तो अवस्थामा मुख्यमन्त्री यादवले पार्टीभित्रको असन्तुष्टि व्यवस्थापन गर्दै अन्य दलको समर्थन जुटाउनुपर्ने अवस्था छ।

एमालेको समर्थन नपाउने संकेत

मुख्यमन्त्री सरोजकुमार यादवले सर्वदलीय सरकार गठन गर्ने बताउँदै आए पनि एमालेले भने वर्तमान सरकारलाई समर्थन नगर्ने स्पष्ट संकेत दिएको छ। एमाले प्रदेश संसदीय दलका प्रमुख सचेतक हरिनारायण महतोले जसपा नेपालले सत्ता सहकार्यको पूर्वसहमति तोडेकाले वर्तमान सरकारलाई समर्थन गर्ने सम्भावना नरहेको बताए।

'एमालेसँग धारा १६८ को उपधारा २ बमोजिम सरकार बनाउने

बाँकी पृष्ठ ४ ▶▶

विवाह पञ्चमीको निम्तो बोकेर .....

सम्बन्धलाई निरन्तरता दिन निमन्त्रणा टोली अयोध्या प्रस्थान गरेको जानकारी दिए।

टोलीले विवाह पञ्चमी महोत्सवको निमन्त्रणासँगै फलफूल, गरगहना, भाँडाकुँडालगायतका सामग्री समावेश गरिएको भारसमेत लिएर गएको छ। मिथिलाको वैवाहिक संस्कारमा बेहुलापक्षलाई सम्मानपूर्वक भार तथा उपहार पठाउने परम्परा रहिआएको छ। जनकपुरधाममा प्रत्येक वर्ष मंसिर शुक्ल पञ्चमीका दिन राम-सीताको विवाहको स्मरणमा सप्ताहव्यापी रूपमा विवाहपञ्चमी महोत्सव मनाउने गरिन्छ। महोत्सवका क्रममा राम-सीताको स्वयंवर, तिलकोत्सव, मटकोर, शुभविवाह, रामकलेवा लगायतका धार्मिक तथा सांस्कृतिक कार्यक्रम आयोजना हुँदै आएका छन्।

विवाह पञ्चमी महोत्सवमा नेपाल तथा भारतका हजारौं श्रद्धालु सहभागी हुने गरेका छन्। विशेषगरी अयोध्याबाट जन्ती आउने र जनकपुरधाममा मिथिलाको परम्पराअनुसार स्वागत तथा विवाह उत्सव मनाउने चलनले यस महोत्सवलाई विशिष्ट धार्मिक तथा सांस्कृतिक महत्व प्रदान गरेको छ। सप्ताहव्यापी विवाह पञ्चमीले जनकपुरमा नेपालको परिचय बोक्छ। यसले नेपाल-भारत सम्बन्ध सेतुको प्रतीकका रूपमा चिनाउँछ।

आजको राशिफल

मेष : तपाईंको बोलीको प्रभावले महत्त्वपूर्ण काम बन्नेछ। अरुलाई खराब भन्नुभन्दा आफूले आफ्नो बानीमा सुधार गर्नु राम्रो हुनेछ।

बृष : दिन सहज छ। परिवारको साथ मिल्ने छ। साथीभाइको साथले महत्त्वपूर्ण काम बन्नेछ।

मिथुन : हरेक कामका लागि स्वास्थ्यले साथ दिनेछ। शिक्षाको क्षेत्रमा गरेको प्रयास सफल हुनेछ।

कर्कट : साथीले साथ दिएकाले राजनीतिक क्षेत्रमा सेवाको अवसर मिल्ने छ। व्यापारमा तपाईंको दिन सहज रहेको छ।

सिंह : दिन सहज छ। आज एकल निर्णय तपाईंका लागि फलदायी हुनेछ। गणेशको पूजा गरेर सुरुवात गरेमा दिन सहज बन्नेछ।

कन्या : स्वास्थ्यको ख्याल गर्नुपर्ने दिन छ। दाजुभाइसँगको परामर्शमा गरेको निर्णयले सफलता प्राप्त हुनेछ।

तुला : सोचेका काम बन्नेछन्। मनमा खुशी मिल्ने छ। अनुत्पादक क्षेत्रमा खर्च गर्ने शैली परिवर्तन गर्नु राम्रो हुनेछ।

वृश्चिक : दिन सामान्य छ। साना कुरामा ठुलो झन्झट हुनेछ। व्यापारमा गरेको प्रयास सफल बन्नेछ।

धनु : दिन राम्रो छ। परिवारको सल्लाहमा गरेको काम सफल बन्नेछ। प्रेम सम्बन्ध सुमधुर बन्नेछ।

मकर : ठूला काममा हात नहाल्नु उचित हुनेछ। स्वास्थ्यले साथ दिएको छ।

कुम्भ : शिक्षाको क्षेत्रमा गरेको लगानी सफल बन्नेछ। साथीको साथ मिल्ने छ।

मीन : दिन सामान्य छ। आफ्नै साथीले विरोध गरेको सुन्नुपर्नेछ। प्रेम सम्बन्ध सुमधुर बन्नेछ।

राशिफल जे जस्तो भएपनि तपाईको दिन शुभ रहोस् ।



ज्योतिष डा. बिबेक पाण्डेय
जन्मकुण्डली हस्तरेखा परामर्शको लागि सम्पर्क नं. ९७०२५२७८३२

श्रमिकको सुरक्षाका लागि नीतिगत व्यवस्थाका लागि प्रतिबद्धता

अपन दैनिक संवाददाता
सप्तरी, मंसिर १२ गते



भूमिहीन सुकुम्बासीको रुपमा रहेका हरवा चरवा श्रमिकको सुरक्षाका लागि नीतिगत व्यवस्थाको लागि जनप्रतिनिधिहरुले प्रतिबद्धता जनाएका छन्।

सप्तरीको उत्तर पूर्वी भेगमा पर्ने सप्तकोशी नगरपालिकाका जनप्रतिनिधहरुले श्रमिकको सुरक्षासहित श्रम गर्ने क्रममा अप्ठ्यारोमा परेकाहरुको सुरक्षाका लागि श्रम गरेवापत्को ज्याला र व्यवस्थित थातवासका लागि पनि नीतिगत व्यवस्था गरिने प्रतिबद्धता जनाएका हुन्। स्थानीय ज्याला निर्धारणका लागि समन्वय बैठकलाई सम्बोधन गर्दै नगर प्रमुख कृष्णप्रसाद ढकालले श्रम बेचेर दैनिक जीविका चलाउने हरवा चरवा श्रमिकहरुले आफ्नो न्यूनतम् थातवासको समेत व्यवस्थापन गर्न नसक्ने भएकाले त्यसका लागि नीतिगत व्यवस्थामार्फत व्यवस्थापन पक्ष सवल बनाउँदा हरेक कुराको सुरक्षाको अनुभूति गर्न सक्ने औल्याए।

'श्रम सबैले गर्ने भएकाले त्यसको सम्मान गरौं' उनले भने 'विभिन्न भौतिक सम्पदा निर्माणका लागि काम गर्ने श्रमिकले इतिहास झल्काउँछन्।' उनीहरुले गरेको श्रमले निर्मित सम्पदामा तिनकै नाम नहुने विडम्बना रहेको चर्चा गर्दै उनले भने 'विशेषत: हरवा चरवा श्रमिकसँग पनि खेतीपातीसहित कृषि कर्म सम्बन्धी कला हुन्छन्, स्थानीय तहले त्यस्ता श्रमिकहरुको व्यवस्थापनका लागि पनि ज्याला निर्धारण समिति वा कार्यविधि लगायतको नीतिगत व्यवस्था गर्नुपर्छ।' स्थानीय सरकारले आफ्नो भूगोलभित्रका हरेक श्रमिकलाई सुरक्षित महसूस हुने गरी गरिने नीतिगत व्यवस्थाले श्रम गर्ने दौरानमा हुन सक्ने दुर्घटनापछि उपचार, क्षतिपूर्ति बीमाको ग्यारेण्टी हुने भएकाले त्यसको अपरिहार्यता रहेको उनले औल्याए।

आफ्नै पालिका क्षेत्रमा पनि कतिपय बेला श्रम गर्दागर्दै भएका दुर्घटनामा श्रमिकको मृत्यु भएपनि व्यक्तिगत दबाबपछि मात्र रोजगारदाता पक्षले राहत स्वरुप केही रकम दिएको विगत सुनाउँदै उनले भने 'श्रमिकको आश्रित परिवारलाई जीविकाका लागि न्यूनतम् सहयोग गर्नैपर्ने बाध्यकारी व्यवस्थाका लागि नीतिगत व्यवस्थाको जरुरी छ' उनले भने 'त्यसले श्रमको नियमन सहज हुनुका साथै रोजगारदाता पक्षबाट उपचार, क्षतिपूर्ति, राहत र बीमाको ग्यारेण्टी हुन्छ।'

द फ्रिडम फण्डको सहयोग, हरवा चरवा सशक्तिकरण कार्यक्रम अन्तर्गत सुरुङ्गा नगरपालिका ४ मधुपट्टिस्थित जनचेतना दलित संगमको आयोजनामा भएको छलफल कार्यक्रममा पूर्व विधायक समेत रहेका दलित नेता असर्फी सदाले मजदूरले श्रम गर्दा हुन सक्ने दुर्घटनापछि उपचार समेत नपाएर समस्यामा रहेको उल्लेख गरे। 'जिल्लाका केही पालिकाहरुले विपद् व्यवस्थापन कोषबाट भएपनि थारै सहयोग गरेर त्यस्ता श्रमिकहरुको उपचार गरिएको छ' उनले भने 'पालिकाले ज्याला निर्धारण, त्यसको नियमन, श्रमिकको दुर्घटना बीमा, क्षतिपूर्ति राहत लगायतका सुविधाका लागि नीतिमार्फत सम्बोधन गरिनु पर्छ।'

सप्तकोशी नगरपालिका ४ का वडाध्यक्ष जयराम खंगले कृषि श्रमिकहरुको सूचीकृत नभएपनि ज्यालामा समस्या नरहेको जिकिर गरे। पालिकाका रोजगार शाखा संयोजक शैलेश गुप्ताले श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले तोकेको ज्याला सम्बन्धी व्यवस्था अनुसार करारका कर्मचारीहरुलाई पारिश्रमिक दिइने गरिएको भएपनि जिल्लाको दररेट अनुसार भने केही फरक भएकाले विरोधाभाष रहेको बताए।

सार्वजनिक खरिदमा आवद्ध श्रमिकको पारिश्रमिक तथा सामाजिक सुरक्षा सम्बन्धी कार्यविधि, २०८३ बमोजिम निर्माण तथा फिल्ड श्रमिकको न्यूनतम् दैनिक पारिश्रमिक, बौद्धिक तथा व्यवसायिक श्रमिकको पारिश्रमिक, श्रमिकको पारिश्रमिक भुक्तानी सम्बन्धी व्यवस्था, रोजगारदाता तथा सार्वजनिक निकायको जिम्मेबारीको कार्यान्वयन पक्ष बलियो हुनुपर्ने उनको धारणा थियो। त्यसको निगरानी तथा अनुगमनका लागि पालिकास्थित

बाँकी पृष्ठ ४ ▶▶

पत्रकार हुँदा रविले बनाएको मुसहर बस्तीमा लालपुर्जाको समस्या बुझ्न आइन् भूमिमन्त्री रावल

अपन दैनिक संवाददाता
राजविराज, मंसिर १२ गते



२०७४ सालको बाढीपछि तत्कालीन न्युज ट्वान्टी फोर टेलिभिजनका पत्रकार रवि लामिछानेको पहलमा सप्तरीको तिलाठी कोइलाडी गाउँपालिका-४ कोइलाडीमा निर्माण गरिएको मुसहर बस्तीका ५२ परिवार अझै जग्गाधनी प्रमाणपुर्जा (लालपुर्जा) को प्रतीक्षामा छन्। रवि लामिछाने अहिले राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति तथा सरकारको नेतृत्व गरिरहेको दलका प्रमुख बनेका बेला उनकै पहलमा निर्माण भएको बस्तीको जग्गा स्वामित्वको समस्या बुझ्न भूमिमन्त्री पुगेकी हुन्।

शनिबार भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण एवं सङ्घीय मामिला तथा सामान्य प्रशासनमन्त्री प्रतिभा रावल कोइलाडीस्थित मुसहर बस्ती पुगेर स्थानीयवासीसँग प्रत्यक्ष संवाद गरेकी हुन्। उनले वर्षौंदेखि बसोबास गर्दै आएका ५२ परिवारले हालसम्म लालपुर्जा नपाउनुको कारण र समस्या समाधानका सम्भावित उपायबारे जानकारी लिइन्।

२०७४ सालको बाढीबाट प्रभावित मुसहर समुदायका परिवारलाई तत्कालीन पत्रकार लामिछानेको पहलमा घर निर्माण गरी बसोबासको व्यवस्था मिलाइएको थियो। घर पाएर सुरक्षित आवासको व्यवस्था भए पनि जग्गाको कानुनी स्वामित्व नहुँदा स्थानीयवासीको समस्या भने वर्षौं बितिसक्दा पनि समाधान हुन सकेको छैन।

बस्ती निरीक्षणका क्रममा स्थानीय मुसहर परिवारले मन्त्री रावलसमक्ष लालपुर्जा उपलब्ध गराउन माग गर्दै परिवारको सङ्ख्या बढेसँगै घर साँघुरो भएको र कोठा अभावको समस्या पनि सुनाए। उनीहरूले घरमा कोठा थप्न, मर्मत गर्नुपर्ने तथा जग्गाको क्षेत्रफल विस्तार गर्नुपर्ने माग राखे।

स्थानीयका गुनासा सुनेपछि मन्त्री रावलले बस्तीका परिवारलाई जग्गाको स्वामित्व दिलाउन आवश्यक प्रक्रिया अघि बढाउने प्रतिबद्धता जनाइन्। उनले बस्तीका परिवारले भोगचलन गरिरहेको जग्गा दर्ता भए-नभएको र बस्ती खोलानालाको जोखिममा रहे-नरहेको विषयमा अध्ययन गरिने बताइन्।

मन्त्रीका अनुसार आगामी सोमबारदेखि बस्तीको वास्तविक अवस्था, जग्गाको विवरण, परिवार सङ्ख्या तथा स्थानीयका समस्या समेटेर विस्तृत विवरण सङ्कलन गरिनेछ। सोही अध्ययनका आधारमा जग्गाको स्वामित्वसम्बन्धी समस्या समाधानका लागि आवश्यक प्रक्रिया अघि बढाइनेछ।

लेखरचना, समाचार वा विज्ञापन पठाउदाँ वेलुका ६ बजे भित्र पठाउनुहोला वा मेल गरिसकेपछि जानकारी गराउनुहोला अन्यथा ६ बजेपछि पठाइएका लेखरचना, समाचार वा विज्ञापन सोहि दिनको पत्रिकामा समावेश गर्नको लागि असमर्थ रहनेछौ।

अपन दैनिक

सिरहा नगरपालिका ७, पंचमुखी हनुमानजी चौक,
मधेश प्रदेश सिरहा नेपाल





MPL-S3 T-20 क्रिकेटमा झंझारपुरको विजयी सुरूवात .....

रन बनाउनुका साथै ३ विकेटसमेत लिएका थिए। आशिषलाई प्रतियोगिता आयोजक सनराइज क्रिकेट क्लबका अध्यक्ष धर्मेन्द्र यादवले प्लेयर अफ द म्याचको अवार्ड प्रदान गरेका थिए।

१६ टोलीको सहभागिता रहने प्रतियोगिताको विजेताले ६० हजार रुपैयाँ नगदसहित ट्रफी तथा उपविजेताले ३० हजार रुपैयाँ नगदसहित ट्रफी प्राप्त गर्ने अध्यक्ष यादवले जानकारी दिए।

प्रतियोगिताअन्तर्गत आइतबार DK-११ जनकपुर र अभय-११ दरभंगा बीच प्रतिस्पर्धा हुने उनले बताए।

प्रतियोगिताको उद्घाटन सिरहा क्षेत्र नम्बर ३ का प्रतिनिधिसभा सदस्य डा. शम्भु यादवले गरेका थिए।

भूमिहीन र सुकुमवासीको समस्या समाधानमा .....

पनि अवस्थामा एक महिनाभित्र स्थानीय तहमा भूमि प्रशासन सेवा सञ्चालनमा ल्याउनुपर्ने स्पष्ट निर्देशन दिइन्।

'छिटोभन्दा छिटो स्थानीय तहबाटै भूमि प्रशासन सेवा प्रवाह गर्ने सरकारको तयारी छ। सबैले आ-आफ्नो जिम्मेवारी पूरा गरेर काम गर्नुपर्छ,' उनले भनिन्।

यसअघि मन्त्री रावलले सिरहाको बन्दीपुर, मिर्चैयालगायतका स्थानमा पुगेर स्थानीयवासीका भूमिसम्बन्धी गुनासा तथा समस्या सुनेकी थिइन्। मन्त्री रावलसँगै प्रतिनिधिसभा सदस्यद्वय तपेश्वर यादव र डा. शम्भु यादव पनि कार्यक्रममा सहभागी थिए।



बोरिङ सञ्चालन भएपछि रामपुर बिर्ताको सिँचाइ समस्या समाधान हुँदै

अपन दैनिक संवाददाता
सिरहा, मंसिर १२ गते



सिरहाको मिर्चैया नगरपालिका-१ रामपुर बिर्ताका किसानले वर्षौंदेखि भोग्दै आएको सिँचाइ समस्या समाधान हुने आशा पलाएको छ।

सिँचाइ अभावमा पर्याप्त उत्पादन गर्न नसकिरहेका किसानलाई लक्षित गरी निर्माण गरिएको डिप बोरिङको नेपाली कांग्रेस सिरहाका जिल्ला सभापति रामचन्द्र यादवले उद्घाटन गरेका छन्।

सङ्घीय सरकारमा दीपक खड्का मन्त्री रहेका बेला सलहेश पोखरीनजिक डिप बोरिङ निर्माणका लागि एक करोड ८० लाख रुपैयाँ बजेट विनियोजन गरिएको थियो। तत्कालीन सांसद मञ्जु खाँणको पहलमा अघि बढेको उक्त योजना निर्माण सम्पन्न भएपछि सञ्चालनमा ल्याइएको हो।

स्थानीय किसान सुकचेन मुखियाका अनुसार यसअघि किसानहरू आकाशे पानीको भरमा खेती गर्न बाध्य थिए। समयमा वर्षा नहुँदा बाली सुक्ने र सिँचाइ अभावमा करिब १०० बिघा खेतीयोग्य जमिनमा पर्याप्त उत्पादन लिन नसक्ने अवस्था थियो। डिप बोरिङ सञ्चालनमा आएपछि खेतमा सहजै पानी पुऱ्याएर खेती गर्न सकिने उनले बताए।


त्यस्तै, अर्का किसान गोपाल सापकोटाले पनि लामो समयदेखिको सिँचाइ समस्या समाधान हुने आशा पलाएको भन्दै खुसी व्यक्त गरे। सिँचाइ सुविधा उपलब्ध भएपछि खेतीयोग्य जमिनको सदुपयोग हुनुका साथै कृषि उत्पादन र आम्दानी बढ्ने किसानहरूको अपेक्षा छ।

डिप बोरिङ सञ्चालनमा आएसँगै रामपुर बिर्ताका करिब १०० बिघा जमिनमा सिँचाइ सुविधा पुग्ने र वर्षौंदेखि सिँचाइ अभावमा समस्यामा परेका किसानलाई खेतीपाती गर्न सहज हुने अपेक्षा गरिएको छ।

उद्घाटन कार्यक्रममा नेपाली कांग्रेस क्षेत्र नम्बर ४ का क्षेत्रीय सभापति धनेश्वर यादव, सुरेन्द्र यादव, प्रदेशसभा क्षेत्र नम्बर ४ (क) का सभापति रमेशप्रसाद न्यौपाने, मिर्चैया-१ का वडाध्यक्ष रुपेश महतो, कर्जन्हा-१० का वडाध्यक्ष मोहम्मद सागिर मियाँ, क्षेत्रीय सचिव देवकृष्ण साह, नगर सभापति सञ्जीव यादव तथा स्थानीय किसानलगायतको उपस्थिति थियो।

रास्वपा सांसद बब्लु गुप्ताको रोहबरमा लहान सिँचाइ डिभिजन कार्यालयको ताला तोडियो

अपन दैनिक संवाददाता
सिरहा, मंसिर १२ गते



मधेश प्रदेश सरकारअन्तर्गत सिरहाको लहानस्थित जलस्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालयका केही कोठाहरूको ताला शुक्रबार दिउँसो तोडिएको घटना सार्वजनिक भएको छ।

सिरहा क्षेत्र नम्बर १ बाट प्रतिनिधिसभा सदस्य निर्वाचित भएका रास्वपा सांसद बब्लु गुप्ता र लहान नगरपालिकाका उपमेयर रामचलितर महतोको रोहबरमा उक्त ताला तोडिएको हो।

संघीय सरकारअन्तर्गतको भूमिगत जल सिँचाइ आयोजनालाई कार्यालय सञ्चालनमा कठिनाइ भएको भन्दै थप कोठाको माग गरिएको थियो। सोही विषयमा गत मंसिर २ गते संघीय ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयले मधेश प्रदेश मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई पत्राचार गर्दै आयोजनाका लागि डिभिजन कार्यालय भवनको तल्लो तल्ला उपलब्ध गराउन आग्रह गरेको थियो। यद्यपि, प्रदेश सरकारबाट सम्बन्धित डिभिजन कार्यालयमा यसबारे कुनै आधिकारिक जानकारी प्राप्त भएको थिएन।

यसैबीच, सिँचाइ आयोजनाले विहीबार लहान नगरपालिकालाई पत्राचार गर्दै भवन उपलब्ध गराउन पुनः माग गरेको थियो, जसको बोधार्थ सांसद र इलाका प्रशासन कार्यालयलाई समेत दिइएको थियो। सोही पत्र प्राप्त भएलगत्तै सांसद गुप्ता र उपमेयर महतो दलबलसहित कार्यालय पुगेर ताला तोडेको बताइएको छ।

यता, डिभिजन प्रमुख विश्वनाथ यादवले कार्यालय व्यवस्थापनको नाममा कुनै पूर्वजानकारी, आधिकारिक पत्राचार वा सहमतिविनै मनोमानी ढंगले ताला तोडिएको बताएका छन्। आफूखुसी कोठा खाली गरिँदा भित्र रहेका कार्यालयका महत्त्वपूर्ण सामग्रीहरू कहाँ र कुन अवस्थामा छन् भन्नेसमेत यकिन हुन नसकेको प्रमुख यादवको भनाइ छ।

गृहजिल्लामै अमरेशको विरोध, कालो झण्डासहित पुत्ला दहन

अपन दैनिक संवाददाता
सर्लाही, मंसिर १२ गते



राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सांसद अमरेशकुमार सिंहलाई आफ्नै गृहजिल्ला सर्लाहीमा विरोध गरिएको छ। हिन्दु सम्राट सेनाका कार्यकर्ताले मलंगवामा सिंहविरुद्ध प्रदर्शन गर्दै पुत्ला दहन गरेका छन्। कालो झण्डा देखाउने क्रममा प्रहरीले चार जनालाई पक्राउ गरेको छ।

पूर्व-पश्चिम हुलाकी राजमार्ग पदयात्राका क्रममा शनिबार सर्लाही आइपुगेका सांसद सिंहलाई साँझ मलंगवामा हिन्दु सम्राट सेनाका कार्यकर्ताले कालो झण्डा देखाएका हुन्। सिंहका विगतका अभिव्यक्ति हिन्दु धर्मविरोधी रहेको भन्दै उनीहरूले आपत्ति जनाएका थिए।

प्रदर्शनका क्रममा कार्यकर्ताहरूले मलंगवास्थित जिल्ला विकास चोकमा रहेको बाबा स्वामी मठ नजिक सिंहको पुत्लासमेत जलाएका छन्।

हिन्दु सम्राट सेनाका नेता कृष्णा यादवका अनुसार कालो झण्डा प्रदर्शन गर्ने क्रममा प्रहरीले आफ्ना चार जना कार्यकर्तालाई पक्राउ गरेको हो। पक्राउ परेका कार्यकर्ताको रिहाइको माग गर्दै सेनाका कार्यकर्ताले विरोध जनाएका छन्।

प्रदर्शनकारीहरूले कार्यकर्ता पक्राउ गरेर विरोध प्रदर्शन गर्ने अधिकारमाथि अंकुश लगाउन खोजिएको भन्दै आपत्ति व्यक्त गरेका छन्।

यता, पदयात्राका क्रममा सर्लाही आएका सांसद सिंह शनिबार राति सदरमुकाम मलंगवामै बस्ने कार्यक्रम छ। रास्वपा सर्लाहीका जिल्ला सभापति सरोज बानियाँका अनुसार सिंहको पदयात्रा आइतबार बिहान ७:३० बजेदेखि पुनः सुरु हुनेछ।

मधेश प्रदेशमा सत्ता समीकरणको नयाँ कसरत .....

सहमति उहाँहरूले गर्नुभएको थियो। तर अन्तिम समयमा सहमति तोडेर उपधारा ३ बमोजिम सरकार बनाउनुभयो,' महतोले भने, 'मुख्यमन्त्रीले विश्वासको मत लिँदा हाम्रो समर्थन रहँदैन। त्यसपछि कसरी कोर्स अगाडि बढ्छ, त्यहीअनुसार निर्णय गर्छौं।'

एमालेको समर्थन नरहने अवस्थामा मुख्यमन्त्री यादवका लागि बहुमत जुटाउन कांग्रेस वा अन्य दलको साथ अनिवार्य हुनेछ। तर कांग्रेसले अहिलेसम्म समर्थनको निर्णय नगरेको र जनमत पार्टीले पनि सरकारमा सहभागी हुने प्रतिबद्धता नजनाएकाले उनको विश्वासको मत अनिश्चित बनेको छ।

जनमतको निर्णय र जसपाको विश्वास

मुख्यमन्त्री यादव भने कांग्रेस, एमाले, नेकपा र जनमत पार्टीसँग सकारात्मक छलफल भइरहेको दाबी गर्दै आएका छन्। उनी अहिले विश्वासको मत जुटाउन काठमाडौं पुगेर विभिन्न दलका शीर्ष नेताहरूसँग भेटघाट गरिरहेका छन्। जसपा नेपालका प्रदेश सांसद तथा पूर्वअर्थमन्त्री सञ्जयकुमार यादवले भने एक साताभित्रै मुख्यमन्त्रीले विश्वासको मत लिने दाबी गरेका छन्।

सबै दलसँग सकारात्मक छलफल भइरहेको र वर्तमान सरकारलाई विश्वासको मत नदिनुपर्ने कुनै कारण नरहेको उनको तर्क छ। 'सबै दलसँग सकारात्मक छलफल भइरहेको छ। यो सरकारलाई विश्वासको मत नदिने कुनै कारण छैन। हामी सर्वदलीय सरकारको पक्षमा छौं। प्रदेशको राजनीतिक अवस्थालाई मध्यनजर गरेर सबै दलले सहयोग गर्छन् भन्ने हाम्रो बुझाइ हो,' उनले भने।

उनले विश्वासको मत लिने प्रक्रियासँगै मन्त्रिपरिषद् विस्तारसमेत हुने जानकारी दिए। तर जसपा नेपाल आबद्ध आठदलीय अग्रगामी मोर्चामै सहभागी जनमत पार्टीका अध्यक्ष सीके राउतले प्रदेशसभा निर्वाचनसम्म मधेश प्रदेशको कुनै पनि सरकारमा सहभागी नहुने घोषणा गरिसकेका छन्। मोर्चाको निर्णयविपरीत जसपा नेपालले प्रदेश सरकारको नेतृत्व लिएपछि जनमतको समर्थन प्राप्त हुनेमा पनि अन्योल देखिएको छ।

स्रोतका अनुसार मन्त्रालय बाँडफाँटबारे छलफल जारी रहे पनि जनमत पार्टीले चाहेको मन्त्रालय उपलब्ध गराउने विषयमा तत्काल सहमति जुट्ने सम्भावना कमजोर छ। यसले मुख्यमन्त्री यादवलाई बहुमत जुटाउन थप कठिन बनाएको छ।

सरकार नबने प्रदेशसभा विघटनको जोखिम

संविधानको धारा १६८ को उपधारा ३ अनुसार मुख्यमन्त्री नियुक्त भएका यादवले विश्वासको मत प्राप्त गर्न नसकेमा उपधारा ५ अनुसार सरकार गठनको प्रक्रिया अघि बढ्न सक्छ। यस व्यवस्थाअनुसार प्रदेशसभाको कुनै सदस्यले विश्वासको मत प्राप्त गर्न सक्ने आधार प्रस्तुत गरेमा प्रदेश प्रमुखले त्यस्तो सदस्यलाई मुख्यमन्त्री नियुक्त गर्न सक्नेछन्।

तर कांग्रेस मधेश प्रदेशका उपसभापति एवं प्रदेश सांसद वीरेन्द्रप्रसाद सिंह उपधारा ५ को अवस्था सिर्जना भए प्रदेशमा थप राजनीतिक संकट उत्पन्न हुने बताउँछन्। 'अहिले त यस्तो लथालिङ अवस्था छ। उपधारा ५ मा जानुपर्ने अवस्था आए थप समस्या आउने म देख्छु,' उनले भने, 'यो उपधारामा जाँदा सांसदहरूलाई ह्विप लगाउन पनि मिल्दैन। सरकार बन्ने अवस्था नै रहँदैन। अनि प्रदेशसभा विघटन गरेर चुनावमा जानुको विकल्प रहँदैन।'

संविधानको धारा १६८ को उपधारा ७ मा उपधारा ५ बमोजिम नियुक्त मुख्यमन्त्रीले विश्वासको मत प्राप्त गर्न नसकेमा वा मुख्यमन्त्री नियुक्त हुन नसकेमा प्रदेश प्रमुखले प्रदेशसभा विघटन गरी ६ महिनाभित्र अर्को प्रदेशसभाको निर्वाचन सम्पन्न हुने गरी मिति तोक्ने व्यवस्था छ। यद्यपि अहिले नै प्रदेशसभा विघटनको अवस्था आइनसकेको सिंहको भनाइ छ। कांग्रेसले जसपा नेपाल नेतृत्वको सरकारलाई समर्थन गर्ने वा विपक्षमा बस्ने भन्ने निर्णय गर्न बाँकी रहेकाले राजनीतिक निकासको सम्भावना अझै खुला रहेको उनको तर्क छ।

मुख्यमन्त्री यादवले सर्वदलीय सरकारको प्रस्ताव अघि सारिरहेका छन् भने कांग्रेस, एमाले र नेकपाबीच पुरानै गठबन्धन ब्युँताउने प्रयास भइरहेको छ। उता, मुख्यमन्त्री चयनलाई लिएर आफ्नै पार्टीभित्र असन्तुष्टि देखिएपछि यादवका लागि सरकारलाई पूर्णता दिन र विश्वासको मत जुटाउन थप राजनीतिक चुनौती देखिएको छ।

श्रमिकको सुरक्षाका लागि नीतिगत व्यवस्थाका .....

रोजगार सेवा केन्द्रलाई जिम्मेवारी दिइएको चर्चा गर्दै उनले श्रमिकहरुलाई केन्द्रमा सूचीकृत गरिनु पर्ने व्यवस्था रहेको बताए। कृषि श्रमिकको हकमा ज्यालामा एक रुपता नरहेको स्वीकार्दै उनले पालिका क्षेत्रमा त्यस्ता श्रमिकहरुको ज्यालामा समस्या भए केन्द्रमा आउन आग्रह गरे।

संगमका कार्यकारी निर्देशक इन्द्रप्रसाद रामले छलफलको उद्देश्यको विषयमा प्रष्ट्याए भने पत्रकार तथा दलित अधिकारकर्मी मणिलाल विश्वकर्माले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १३ र १४ अनुसार पालिका क्षेत्रको न्यूनतम् दररेट निर्धारण र त्यसका लागि समिति, उपसमिति वा कार्यदल गठन गर्न सकिने व्यवस्था रहेकाले सोही प्रावधान बमोजिम पालिका तहमा ज्याला निर्धारण समिति गठनका लागि काम गर्न सकिने औंल्याए। छलफलमा कार्यक्रम संयोजक चाँदनी बेगमले सहभागीहरुलाई स्वागत गर्दै परियोजना अन्तर्गत संचालित गतिविधिहरु बारे संक्षेपमा चर्चा गरेकी थिइन्।

१५ वर्षपछि .....

हाल पुलको पूर्व र पश्चिम दुवैतर्फ सडक जोड्न माटो पुर्ने काम भइरहेको छ। बाँकी निर्माण कार्य सम्पन्न गरी पुस पहिलो सातादेखि पुल सञ्चालनमा ल्याउने तयारी गरिएको छ।

क्षयरोगबाट बचौं र बचाऔं



- लामो समयसम्म खोकी लाग्ने, खकारमा रगत देखिएमा, तौल घट्ने, ज्वरो आउने जस्ता लक्षण देखिएमा स्वास्थ्य जाँच गराऔं,
- क्षयरोग सरुवा रोग हो, समयमै पहिचान र नियमित उपचारबाट निको हुन सक्छ,
- स्वास्थ्यकर्मीको सल्लाह अनुसार क्षयरोगको औषधि नियमित सेवन गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड



❍ ग्राहक बन्नु परेमा।
❍ नवीकरण गर्नु परेमा।
❍ ठेगाना परिवर्तन भएमा।
❍ पत्रिका नियमित नआएमा।

सिधा सम्पर्क ०३३-५२१२१४
बिहान १० बजे देखि ५ बजेसम्म
अपन दैनिक पत्रिका